छ

# नेपाली टेलिफिल्म : विगतदेखि वर्तमानसम्म

लयप्रसाद सङ्ग्रौला

२०४१ माघ १७ गते परियोजनाको रूपमा स्थापित नेपाल टेलिभिजनले २४ वर्ष पूरा गरिसकेको छ । मैले पनि बिहानदेखि साँझसम्म, पहाडदेखि तराईसम्म, गाउँदेखि सहरसम्म क्यामेराको पछि लागेर 'एक्सन' र 'कट' का शब्द उच्चारण गर्दै त्यति नै समय यस नेपाल टेलिभिजनसँग जोडिएर बिताएछु ।

सिर्जनशील व्यक्तिहरूले पेशागत धर्म निर्वाह गर्दै त्यही सिंहदरबारभित्रको नेपाल टेलिभिजनको परिसरमा जिन्दगीका महत्त्वपूर्ण क्षणहरू बिताएका छन् । म पनि सुरुमा टेलिफिल्म निर्माता-निर्देशकका रूपमा सातौँ तहमा नियुक्त भै प्रवेश गरेको थिएँ । यही विधाले मेरो पहिचान बनायो । त्यसैमा धेरथोर अनुभव बटुल्न सकेँ । नेपाल टेलिभिजनमा रहेर टेलिफिल्म निर्माणको क्षेत्रमा मैले गरेको लामो यात्राको वर्णन गर्दैछु यहाँ । यो संस्मरणमा मेरा आफ्नै अनुभव धेरै छन्, तर सहयात्रीसँग केही कुराकानी गरी वर्णनलाई तथ्यपरक बनाउने प्रयास गरेको छु । लेखको आरम्भमा नेपाल टेलिभिजनमा टेलिफिल्म प्रवेशबारेको सन्दर्भ छ । त्यसपछि टेलिफिल्मको विकासक्रमबारे विभिन्न कालखण्डअनुसार बयान गरिएको छ ।

## पहिलो नेपाली टेलिफिल्म

२०४२ पुस १४ बाट भिएचएस (भिडियो होम सिस्टम) फर्म्याटमा नेपाल टेलिभिजनले विधिवत् प्रसारण सुरु गरेको हो। सोही वर्ष पुस २७ गते राष्ट्रिय एकता दिवसको अवसर पारी *श्री ५ पृथ्वीनारायण शाह* नामक टेलिफिल्म यसले आफ्नो लगानीमा निर्माण गर्‍यो। निर्देशकमा कृष्ण मल्ल अनुबन्धित भए। म पृथ्वीनारायण शाहको भूमिकामा छानिएँ। मेरा लागि त्यो अवसर गर्व गर्न लायक थियो। रमेश बुढाथोकी, बद्री अधिकारी, रामचन्द्र अधिकारी, सन्तोष पोखरेल र लक्ष्मी रानालगायत अन्य कलाकारहरू त्यसमा थिए। सम्पादनका लागि स्तरीय प्रविधि उपलब्ध थिएन, सामान्य दुई डेकबाट (डेक टु डेक एडिटिङमार्फत) बडो दुःखका साथ रातारात यो टेलिफिल्मको सम्पादन भयो। यसको लेखन प्रचण्ड मल्लले गरेका थिए। सम्पादनमा रविन्द्रराज पाण्डे र शृङ्गारमा साम्भा पाटील थिए भने छायाङ्कनमा जयसिंह शाह थिए। यो टेलिफिल्मको बजेट दस हजार रुपियाँ थियो। पुस २५ र २६ गते छायाङ्कन, सम्पादन र सबै काम तीव्र स्तरमा सम्पन्न गरी पुस २७ मा त यसलाई प्रसारण नै गरियो।

टेलिफिल्मको निर्माण क्रमको इतिहासमा जानुभन्दा अगाडि म एउटा शङ्का निवारण गर्न चाहन्छु। नेपाल टेलिभिजनको पहिलो टेलिफिल्म कुन हो ? भन्ने विषयमा विगतमा निकै विवाद भए। नेपाल टेलिभिजनको विधिवत प्रसारणको सुरुआत भएकै दिन अर्थात् २०४२ पुस १४ मा उज्ज्वल घिमिरेले भिएचएस फर्म्याटमा निर्माण गरेको *यस्तै हुन्छ* नामक टेलिफिल्म नेपाल टेलिभिजनलाई उपलब्ध गराए र त्यो प्रसारण भयो। त्यसर्थ प्रसारणको हिसाबले त्यसलाई नै पहिलो टेलिफिल्म मान्नुपर्ने हुन्छ। नेपाल टेलिभिजन आफैंले संस्थागत रूपमा निर्माण गरेको पहिलो टेलिफिल्म भने *श्री ५ पृथ्वीनारायण शाह* नै हो।

## टेलिफिल्मको विकास

*श्री ५ पृथ्वीनारायण शाह*को निर्माण र प्रसारणपछि नेपाल टेलिभिजनमा टेलिफिल्मको निर्माण यात्रा आरम्भ भयो। त्यसपछि तत्कालीन रङ्गकर्मीहरू रमेश बुढाथोकी, बद्री अधिकारी, उज्ज्वल घिमिरे, मुकुन्द श्रेष्ठ, सन्तोष पन्त, कृष्ण मल्ल, म, रुद्रराज पाण्डे, अशेष मल्ल, ध्रुवचन्द्र गौतम र अलि पछिको समयदेखि महजोडीको संलग्नता पनि नेपाल टेलिभिजनको पर्दामा देखियो। २०४२ सालमा रमेश बुढाथोकीले *वाचा बिर्सेको छैन* नामक तीन भागको भिएचएस फर्म्याटको टेलिशृङ्खला बनाई यो क्षेत्रमा प्रवेश गरेका हुन्। यसको

छायाङ्कन गौरीशङ्कर धुँजूले गरेका थिए । यो पहिलो टेलिशृङ्खला हो । यसपछि रमेश बुढाथोकीले छोटो टेलिफिल्म *आघात* त्यही साल निर्माण गरे ।

अर्का सर्जक रुद्रराज पाण्डेले तीन भागको *अर्काको मान्छे* नामक टेलिफिल्म निर्माण गरी यो क्षेत्रमा प्रवेश गरे । यसका मुख्य कलाकारहरूमा सूर्यमाला शर्मा, म, रुद्रराज पाण्डे, आदि थियौँ । त्यसै गरी साहित्यकार डा. ध्रुवचन्द्र गौतम पुष्कर शमशेरको कथा *परिबन्द*माथि टेलिफिल्म बनाई निर्देशकको रूपमा देखा परे । उनका धेरै सिर्जना टेलिफिल्मको रूपमा आए ।

सङ्ख्यात्मक हिसाबले आज (२०६५ साल) सम्म आइपुग्दा ठूलो वृद्धि भयो भने टेलिफिल्मको निर्माणका प्रक्रियाहरू बदलिँदै आए । प्रविधिमा पनि निकै विकास भयो । पहिलेका फिल्म प्राविधिक हिसाबले माभिmएका थिएनन् । तर मानवीय संवेदना भने प्रचुर हुने गर्थ्यो । सुरुका समयमा सामाजिक परिवेशलाई समेटेका धेरै टेलिफिल्म बने । शृङ्खलाबद्ध रूपमा मुकुन्द श्रेष्ठले निर्माण गरेको *आफ्नै कथा हो* यस्तै सामाजिक परिवेशलाई समेटेको टेलिफिल्म थियो र यसका शृङ्खलाहरू छोटा-छोटा थिए ।

टेलिफिल्मको इतिहास कायम गर्न सुरुका समयमा थोरै बजेटभित्र यस क्षेत्रलाई टेवा दिने निर्देशकमा साहित्य फाँटबाट अशेष मल्लले पनि धेरथोर काम गरेकै हुन् । ठूला पर्दाका निर्देशकमध्ये प्रताप सुब्बा, तुलसी घिमिरे, दीपक आलोकले पनि टेलिफिल्म निर्माण गरे । *चेष्टा*बाट नयनराज पाण्डेले पनि टेलिफिल्म क्षेत्रमा आफूलाई स्थापित गरे । निर्देशकका रूपमा देखा परेका अन्य नामहरू पनि छन् । जस्तै, राजेन्द्र शलभ, नरेन्द्र थापा, नरेन्द्र श्रेष्ठ, नवीन चित्रकार, सुभाष गजुरेल, रवि पाखण्डी, दीपक क्षेत्री, सञ्जु अमात्य, जितेन्द्र महत अभिलाषी, अनिल पाण्डे, आदि । अनिल पाण्डेले *जनैको साँचो* शृङ्खलाबाट आफ्नो निर्देशकीय क्षमताको पहिचान बनाउन सफल रहे । बाल टेलिफिल्मतर्फ उदय बोहराले २०४५ सालमा *चङ्गा* निर्माण गरी यो विधाको थालनी गरेका हुन् । नेपाल टेलिभिजनको रेकर्डअनुसार उनले बाल टेलिफिल्म जम्मा २३ ओटा निर्माण गरेको तथ्य पाइयो । रचना सिंहले निर्माण गरेको पहिलो टेलिफिल्म *फेरि मेरो साथी बन* हो । यसैमार्फत उनी पहिलो महिला टेलिनिर्देशक बनिन् ।

'मह जोडी' अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको योगदानलाई यस क्षेत्रले बिर्सन सक्दैन । उनीहरूको योगदान आज पनि निरन्तर छ । *फिफ्टीफिफ्टी* नामक टेलिफिल्मको सफल प्रस्तुतिबाट स्थापित नाम हो मह जोडी । हास्य विधामा उनीहरूको योगदानलाई कदर गर्नै पर्छ । एकल प्रस्तुतिबाट हास्यव्यङ्ग्य विधामा लामो, चर्चित र मननयोग्य इतिहास बनाउँदै सन्तोष पन्त *नरिसाउनुस्*

*है*बाट स्थापित बन्न पुगे। सयौं यस्ता शृङ्खलाबाट निर्देशक/कलाकार सन्तोष पन्त टेलिदुनियाँका ध्रुव तारा जस्तै बन्न पुगेका छन्।

अर्का निर्देशक उमेशनाथ अर्यालले *भीडदेखि भीडसम्म*बाट आफ्नो कुशल निर्देशन क्षमता देखाए। त्यस शृङ्खलाको लेखन कार्य पनि उच्च कोटीको थियो। त्यस्तै साहित्यिक कृतिहरूमा टेलिफिल्म बन्ने क्रममा नेपाली उपन्यास *रूपमती*लाई सफल शृङ्खलामा उतारे रुद्रराज पाण्डेले। यसमा सुशीला रायमाझी र सुवर्ण पोखरेलले सासूबुहारीको जीवन्त अभिनय गरेका थिए।

अन्य निर्देशकहरूमा रविन्द्र खड्का, श्याम राई, नरेन्द्र थापा, सूर्य बोहरा, शोभित बस्नेत, दीपक रायमाझी, अनिश कोइराला, प्रभाकर शर्मा, लव शर्मा, श्याम थापा, महेन्द्रभक्त श्रेष्ठ, आदि विभिन्न कालमा देखा परे। *पर्खाल*बाट राजेश लामिछाने, लिम्बू भाषाको टेलिफिल्म *तरेवा*बाट नवीन सुब्बा राम्रो निर्देशक बने। गुरुङ भाषाको टेलिफिल्म *पाते* लिएर उमा गुरुङ देखा परे।

सुरुसुरुका टेलिफिल्ममा रेश आचार्य र सागर ढुङ्गेल पनि देखिए। उनीहरूको निर्देशन औसत रहेको पाइयो। औसत फिल्म निर्देशकका रूपमा जगत भुषाल पनि आए। निर्देशन गर्ने क्रममा रङ्गमञ्चका सशक्त कलाकार हरिहर शर्माले पनि *मृगतृष्णा* शृङ्खलामा आफ्नो उपस्थिति देखाए। विराटनगरका माधव सापकोटाले *अग्निपथ* बनाए। उनले आफ्नै छोरा धिरज सापकोटालाई उक्त टेलिफिल्ममा नायक बनाएका थिए। अहिलेकी चर्चित हास्य कलाकार दीपाश्री निरौलाले पनि आफ्नो अभिनय यसै शृङ्खलाबाट सुरु गरेकी हुन्। तर माधव सापकोटा त्यहीँबाट अस्ताए।

पछिल्लो समयमा हास्य विधामा टेलिफिल्म बनाउने लहर देखा पर्‍यो। हास्यशृङ्खला बनाउने क्रममा प्रभाकर शर्माले *मेम साहेब* बनाए। तर त्यो त्यति सफल बनेन। मह जोडीले पनि हास्यशृङ्खला बनाउने क्रमलाई निरन्तरता नै दिए। सन्तोष पन्त पनि सक्रिय भए।

कृष्ण मल्ल र म नेपाल टेलिभिजनमा टेलिफिल्म निर्देशकको जागिरका साथ प्रवेश गर्‍यौं। कृष्ण मल्लले *श्री ५ पृथ्वीनारायण शाह*पछि *हरिबाजे* बनाए २०४२ सालमा। नेपाल टेलिभिजनको रेकर्डअनुसार सन्तोष पन्तले टेलिफिल्ममा पहिलो अभिनय *हरिबाजे*बाटै सुरु गरेका थिए। यसमा मुख्य भूमिका– हरिबाजेका रूपमा पन्तले नै अभिनय गरेका थिए। हरिबाजेले मात्र पुगेन सन्तोष पन्तलाई र उनी तीन भागको *दोषी को ?* नामको टेलिशृङ्खला निर्माण गरी टेलिदुनियाँमा प्रवेश गरे। २०४३ सालमा गोविन्द मल्ल 'गोठाले' को *संरक्षक* नामक कृतिमा टेलिफिल्म बनाई मैले पनि निर्माण यात्राको थालनी गरें। यसमा म आफैंले

एउटा भूमिका निर्वाह गरेको थिएँ भने सुभाष गजुरेल र निलम श्रेष्ठले पनि अभिनय गरेका थिए। मैले पछि गोपालराज मैनाली र बसुन्धरा भूषाललाई लिएर दुई भागको *पाटीको बास* निर्माण गरें।

टेलिफिल्मको लेखन कार्यमा दक्ष व्यक्ति कमै थिए त्यस ताका। यसका कारण प्रायः पूर्वप्रकाशित कृतिमा टेलिफिल्म बनाइन्थ्यो। नयाँ कथा लेखी फिल्म बनाउने क्रम पनि फाट्टफुट्ट अगाडि बढ्यो। २०४४ सालमा दीपक आलोकले लेखेको नाटक *सेतो गुलाफ*लाई लिएर मेरो निर्देशनमा पाँच भागको टेलिफिल्म बन्यो। यसैबाट नेपाल टेलिभिजनमा नेपाली टेलिफिल्म प्रायोजित हुने क्रमको थालनी भएको हो। यसमा प्रतिभाग पाँच हजार रुपियाँका दरले प्रायोजन गरिएको थियो।

निर्देशक रुद्रराज पाण्डे पनि २०४३ सालदेखि नै निर्देशक बनेर टेलिदुनियाँमा प्रवेश गरे। उनको पहिलो टेलिफिल्म *अर्काको मान्छे* हो। यो तीन भागको थियो। त्यसपछि २०४४ सालमा उनले *म* नामक कृतिमा टेलिफिल्म बनाए। २०४५/०४६ सालमा रुद्रराज पाण्डेले *अमर पुत्र, रूपमती* जस्ता कृतिमा आधारित टेलिफिल्म बनाए र राम्रै चर्चा कमाए। लक्ष्मीप्रसाद देवकाटाको *लक्ष्मीपूजा* नामक कृतिमा आधारित शृङ्खला पनि उनले नै निर्माण/निर्देशन गरेका हुन्।

क्रमशः टेलिफिल्मप्रति आकर्षण बढ्दै गयो र यसले निर्माणको क्रमलाई पनि बढाइदियो। तसर्थ केही निर्देशक यसपछि देखा परे। *मुटुको व्यथा*बाट सिद्धान्तराम जोशी, *सत्प्रयास*बाट श्याम राई, बाल टेलिफिल्म *आमा*बाट नरेन्द्र श्रेष्ठ, आदि यस कालखण्डमा देखा परेका निर्देशक हुन्। *उपहार* नामक छोटो टेलिफिल्म लिएर स्व. कवि वासु शशी पनि देखिन आए।

उमेश अर्यालको प्रवेश ५ भागको शृङ्खला *बन्धकमा परेको जीवन*बाट भएको हो। उनले *भीडदेखि भीडसम्म, युद्ध, अस्मिता, आगन्तुक, पिँजडा, अचानक, यातना* र *अपराजिता* निर्देशन गरी आफ्नो पहिचान दह्रो गरी स्थापित गरेका छन्।

त्यस्तै दीपक आलोक पनि *धर्मको मार्ग*मा निर्देशक भएर देखा परे। टेलिफिल्म *घर*बाट नवीन चित्रकार देखिए। उनले अरू २/४ ओटा मात्र छोटा टेलिफिल्म बनाएपछि आफ्नो यात्रा रोके। त्यस्तै *अमित वासना* नामक समको कृतिमा टेलिफिल्म बनाई शिवशरण थापा आए। उनको प्रथम र अन्तिम यही शृङ्खला हुन पुग्यो। *मौन आकाश* लिएर बद्री अधिकारी आए। सागर ढुङ्गेल पनि *आकाङ्क्षा* नामक टेलिफिल्मबाट देखिएका थिए। तर उनले त्यति लामो

यात्रा तय गर्न सकेनन् । राम्रा कलाकार हरिहर शर्मालाई पनि त्यतिकै बस्न मन लागेन र उनी पनि यही कालखण्डमा *अन्धाको पनि आँखा खुलेको हुन्छ* नामक टेलिफिल्मबाट निर्देशक फाँटमा उभिन आइपुगे ।

ओमकिरण राई, तीर्थ थापा, नयनराज पाण्डे, मिना श्रेष्ठ, अविनाश श्रेष्ठ, प्रताप सुब्बा, अशोक शर्मा, शीतल नेपाल, आदि निर्देशकका रूपमा देखा परे । *१२ बजे* नामक नेवारी टेलिफिल्ममार्फत रमेशचन्द्र प्रधान पनि उदाए । भारतमै नेपाली भाषामा बनेर आयो उगेन छोपेलको *नयाँ बिहानी*। *दुई रुपियाँको तमसुक*बाट हरि शिवाकोटी र *राजकुमार विश्वन्तर*बाट प्रभाकर शर्माले प्रवेश गरे ।

नेपाल टेलिभिजनको रेकर्डअनुसार जितेन्द्र महत 'अभिलाषी' ले *अमर ज्योति*मा निर्देशन गरेको पाइयो । सुभाष गजुरेल *सहर यात्रा*बाट प्रवेश गरेको देखिन आयो । त्यस्तै मुकुन्द बस्ताकोटी पनि निर्देशन फाँटमा प्रवेश गरे *बेमतलव*बाट । रविन्द्र खड्का र हरिबहादुर थापा पनि निर्देशक भएर देखिए ।

सुमन रिमाल, सुमन सरकार, वसन्त भट्ट, श्याम राई, रेशराज आचार्य, महेन्द्रभक्त श्रेष्ठ, मीना श्रेष्ठ, मदनदास श्रेष्ठ, मुकुन्द श्रेष्ठ, मनहरि भण्डारी पनि निर्देशकका रूपमा देखा परे । साथै *च्यातिएको पर्दा*बाट सुनिल पोखरेल देखा परे । उनले *चतुरेको दाउपेच* पनि निर्माण गरे । २०५० सालमा *पर्खाल*बाट राजेश लामिछाने देखिए । २०५० सालसम्मका कालखण्डमा यी माथि उल्लिखित नामहरूले यस क्षेत्रमा पाइलो हालेका हुन् ।

नेपालमा टेलिभिजन स्थापना हुनुपूर्व रङ्गमञ्च ज्यादै सक्रिय थियो । नाटक मञ्चन भइरहन्थे । तर टेलिभिजनको आगमनले दर्शकलाई अल्छी बनाइदियो भने कलाकारलाई पनि नयाँ माध्यमले लोभ्यायो । रङ्गमञ्च यसमा सक्रिय व्यक्तिको वृत्तिविकासको माध्यम हुन सकिरहेको थिएन । तर टेलिफिल्मले त्यो सम्भावनालाई केही हदसम्म बोकेको थियो । तसर्थ रङ्गमञ्चमा सक्रिय धेरैले टेलिफिल्मतर्फ हात हाले । टेलिफिल्ममा काम गरेका व्यक्तिले फिचरफिल्ममा काम गर्ने, फिचर फिल्ममा काम गर्नेहरू टेलिफिल्ममा आउने खालका अवस्था पनि देखा पर्‍यो ।

## *२०५१ सालपछि टेलिफिल्म*

२०५१ सालमा मह जोडीको *लालपुर्जा* दर्शकले हेर्न पाए । उपत्यकाबाहिर वीरगञ्जबाट भोजपुरी टेलिशृङ्खला *कैसे भइल*बाट सञ्जु अमात्य देखा परे । ७ भागको *ममता* बनाएर मदनदास श्रेष्ठ देखा परे । २०५१ सालमै *बाउको बिहे* बनाएर रमेश शाही पनि प्रवेश गरे टेलिदुनियाँमा । बाल टेलिफिल्म *राजुको*

*प्रश्न*बाट किशोर पहाडी पनि देखा परेका हुन् । यही साल *विमान चालक*बाट दिनेश डिसी निर्देशक बनेर देखिए । दीपक रायमाझी *बाजी* लिएर देखिए । *झिल्के*बाट कुवेर गड्तौला, *निष्कर्ष*बाट सूर्य बोहरा पनि देखिए ।

२०५२ सालमा पनि रमेश बुढाथोकी, दीपक रायमाझी, नारायण पाण्डे, नरेन्द्र थापा, महेन्द्रभक्त श्रेष्ठ, आदि यस क्षेत्रमा सक्रिय नै भए । *फर्केर हेर्दा*बाट प्रदिप रिमाल, *आमाको मन*बाट अशोक पाण्डे, *पिँजडा*मा उमेश अर्याल, *बस्ती मलाई खोजिरहेछ*बाट केपी श्रेष्ठ, *अपराधी को ?* बाट प्रभाकर शर्मा देखिए । २०५३ सालमा मैले *देवी*को निर्माण गरेँ । उज्ज्वल केसीको *फुटपाथ*ले पनि यसै वर्ष प्रवेश गऱ्यो । विजयरत्न तुलाधरले तीन भागको *कान्छी* ल्याए । दिपक आलोकले *परिभाषा* ल्याए । सुनिल पोखरेलले *जेठो छोरो* ल्याए । नेपाल टेलिभिजनकै प्रभातकालीन प्रसारण युनिटले लघु हास्यशृङ्खला *हत्तेरिका* २०५३ सालमा सुरु गरेको थियो । यसका निर्देशक लोचनमान श्रेष्ठ थिए । २०५४ भाद्र ११ मा ४८ भाग पुगेपछि लोचनबाट मोहन मिश्रले निर्देशनको जिम्मा लिए । २०५३ सालको अन्त्यमा अनिल पाण्डेले *सुरुचि* लिएर २०५४ सालमा प्रवेश गरे । २०५४ सालमै *देवी*ले आफूलाई १५ मिनेटको प्रसारण अवधिबाट आधाघण्टामा पुऱ्यायो । रमेश बुढाथोकीको *जीवन यात्रा*ले २०५४ सालमा यात्रा गरिरह्यो । रामेश्वर शुक्लले अवधी भाषाको *दहेज* २०५४ सालमा ल्याए । बद्री अधिकारीले रमेश विकलको उपन्यास *अविरल बग्दछ इन्द्रावती*माथि टेलिशृङ्खला बनाए । यो लोकप्रिय पनि बन्यो । अझै टेलिफिल्म निर्माणको यात्रामा उनी देखिन्छन् । ठूला पर्दामा काम गरेका अनिश कोइरालाले २०५४ सालमा *अञ्जली* बनाए । *निर्दोष कैदी* नामको शृङ्खला लिएर सोभित बस्नेत, *परिणाम* लिएर राजेशनन्दन मिश्र, *आफ्नै जन्मभूमि* लिएर आकाश अधिकारी निर्देशकका रूपमा देखिए । दिनेश डिसीको *झुपडीको खुशी,* घनश्याम खतिवडाको *गुरु दक्षिणा,* विष्णु शर्माको *बाछिटा,* राजेश लामिछानेको *प्रतिक्षा* २०५४ सालमा देखा परेका हुन् ।

२०५५ साल सुरु हुनासाथ *हत्तेरिका*मा स्थापित हुन पुगेका मोहन मिश्रको हास्यशृङ्खला *मिस्टर फन्टुस*ले प्रवेश पायो । वीरगञ्जबाट आएका राजेश गुप्ताले पनि *दैव संजोग* निर्माण गरी उपस्थिति त देखाए तर निरन्तरता दिन सकेनन् । २०५५ सालसम्म टेलिदुनियाँमा यसै गरी उस्तैउस्तै प्रकृतिका टेलिफिल्महरू बने । रु. ४० हजारदेखि रु. ४५ हजारसम्मको भुक्तानी दिएर टेलिफिल्म नेपाल टेलिभिजनले खरिद गरी प्रसारण गर्नुपर्ने अवस्था थियो । टेलिफिल्म प्रायोजन गर्ने चलन नगण्य नै थियो ।

२०५० को दशकमा लामा टेलिशृङ्खला अधिक बन्ने क्रमको थालनी भयो र यस दशकमा यस्ता लामा शृङ्खला निकै बने । २०५३ सालमा *काली गण्डकीको सेरोफेरो*बाट कृष्णमुरारी ढुङ्गेल देखा परे । यस शृङ्खलाले दलितको कथावस्तुलाई समेटेको छ । बद्री अधिकारी साहित्यकार रमेश विकलको कृति *अविरल बग्दछ इन्द्रावती*लाई सोही नाममा टेलिफिल्म निर्माण गरेर सफल निर्देशकका रूपमा स्थापित भए । २०५२ सालमा युनिसेफको सहकार्यमा सुरुमा १५ मिनेटको अवधिबाट *देवी* नामक शृङ्खला निर्माण गर्दा आफ्नो निर्देशकीय क्षमता तिखार्ने सुअवसर प्राप्त भयो मलाई । स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने कथावस्तुमा यो शृङ्खला आधारित थियो र यसको निर्माणमा युनिसेफको हिस्सेदारी थियो । पछि आधा घण्टाको शृङ्खला बनाउने युनिसेफको आग्रहअनुसार *देवी* लम्बियो जसले १०० भागको पहिलो कृतिमान कायम गऱ्यो । *देवी* चर्चाकै शिखर थियो । उक्त शृङ्खलाले जन्माएका प्रतिभाहरूमा आजका चर्चित हास्य कलाकार शिवहरि पौडेल, दीपाश्री निरौला, सुभाष गजुरेल, आदि हुन् । *देवी*को भूमिकामा तारा कोइरालाको उदय यसैमा भयो र उनको अस्ताउने काम पनि यसैमा हुन पुग्यो । त्यसपछि मैले युनिसेफकै सहकार्यमा २०५६ सालमा ५२ भागको *चेतना* र २०५७ सालमा ५२ भागको *क्याटमाण्डू*को निर्माण गरें । त्यसपछि आफ्नै लेखनमा २०६१ सालमा *उद्घाटन* बनाएँ भने स्वास्थ्य मन्त्रालयमार्फत १०० भागको *जीवनचक्र* निर्माण गरें ।

यसप्रकार अनेकौं कथावस्तुमा टेलिफिल्म बनेका थिए । औसतमा हेर्दा प्रारम्भिक चरणका अर्थात् ४० को दशकमा बनेका टेलिफिल्मले ग्रामीण विषयवस्तुलाई बढी महत्त्व दिएको पाइन्छ भने ५० को दशकका टेलिफिल्मले सहरी मध्यम वर्गका जीवनशैलीलाई आफ्नो प्रस्तुतिमा समेटेका छन् ।

## *२०५६ सालपछि*

२०५६ सालयता त व्यावसायिक ढङ्गले टेलिफिल्म क्षेत्रमा लगानी हुन थाल्यो र यसरी निकै टेलिफिल्म निर्माण हुँदै आएका छन् । २०५६ सालपछि टेलिफिल्मको निर्माण प्रक्रियामा भारतीय प्रभाव अत्यधिक देखा पर्न थाल्यो । प्रविधि पनि पहिलेभन्दा फरक र सजिलो भएर आयो । महेन्द्र बुढाथोकी, ऋषि लामिछाने, योगेश घिमिरे, सविन बाँस्तोला, ओमकिरण राई, आदि नवनिर्देशकहरूले यो पद्धतिको सदुपयोग राम्ररी गरेको देखिएको छ ।

टेलिफिल्म निर्माणको क्रम अत्यधिक बढ्न थाल्दै गर्दा नेपाल टेलिभिजनलाई स्तरविहीन टेलिफिल्म पनि खरिद गरी प्रसारण गर्नुपर्ने दबाब आउन थाल्यो ।

यसो गर्दा आफ्नो लगानी बालुवामा पानी हालेजस्तै गरी डुबाउनु हो भन्ने महसुस गरी नेपाल टेलिभिजनले नयाँ नीति अवलम्बन गऱ्यो । यस नीतिअनुसार टेलिफिल्मलाई निजी क्षेत्रमा लैजाने र सरकारी दायित्वमा पर्ने केही टेलिफिल्म मात्रै नेपाल टेलिभिजनले निर्माण गर्ने प्रावधान आयो । यसप्रकार जसले टेलिफिल्म बाहिरबाट बनाउँछ उसलाई समय उपलब्ध गराउने व्यावसायिक नीति नेपाल टेलिभिजनको रह्यो । यसबाट स्तरीय टेलिफिल्म प्रतिस्पर्धाबाट आउने भए । त्यसपछि सिर्जनात्मक प्रतिभा नभएका व्यक्तिहरू किनारा लाग्दै गए । टेलिफिल्म निर्माणमा युवाहरूको प्रवेश हुन थाल्यो र व्यावसायिकतातर्फ पनि विकास हुने क्रमको सुरुआत भयो । यसरी २०५६ सालपछि टेलिफिल्मको निर्माण प्रक्रियाले पनि नयाँ मोड लियो ।

नेपाल टेलिभिजनले टेलिफिल्मलाई निजीकरण गर्ने नीति अवलम्बन गरेपछि ती फिल्महरूको प्रतिलिपि अधिकार नेपाल टेलिभिजनमा सुरक्षित भएन । तसर्थ ती फिल्महरूको निर्माणको तिथि पत्ता लगाउन कठिन परेकाले यहाँ उल्लेख गर्न सकिएको छैन । तथापि सम्बन्धित व्यक्तिहरूसँगको सम्पर्कमार्फत उपलब्ध केही तथ्य यहाँ प्रस्तुत गरिएको छ ।

२०५७ सालपछिका नयाँ अनुहारहरूले व्यावसायिक टेलिफिल्म निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । *परिचय* लिएर ऋषि लामिछाने आए । उनले यसको १२५ भागभन्दा बढी निर्माण गरे । *जानकी*बाट श्याम भट्टराई र *सिन्दूर*बाट योगेश घिमिरे देखा परे । विगत केही वर्षमा यो क्रम निरन्तर चलिरहेको छ । पछिल्लो कालखण्डमा नेपाली टेलिफिल्मले भारतीय टेलिशृङ्खलाको अनुसरण प्रशस्त गरेको पाइन्छ । यसको प्रभाव भेषभुषादेखि निर्माणका प्रक्रिया, शैलीमा प्रत्यक्ष देख्न सकिन्छ । यसबारे निर्माणकर्ता र प्रायोजक संस्थाहरूसँग अन्तर्क्रिया गर्दा यसको कारण यस्तो पाइयो, “प्रायोजक कम्पनीहरू अधिकांश भारतीय भएको कारण उनीहरू त्यही शैलीका टेलिफिल्म चाहन्छन्, नत्र प्रायोजन नहुन पनि सक्छ ।” यी भनाइहरू सही छन् भने हामीले हाम्रापनका टेलिफिल्महरू बनाउन नसक्ने, दर्शकले हेर्न नपाउने अवस्था कहिलेसम्म ? यिनै अन्तर्विरोध र बाध्यतामा नेपाली टेलिफिल्म घुमिरहेको अवस्था छ ।

२०५७ पछिका अन्य टेलिफिल्मका विधामा हास्य टेलिशृङ्खलाहरू जमेर अगाडि आएका छन् । मोहन मिश्रको *मिस्टर फन्टुस* होस् वा दिपकराज गिरीको *तितो सत्य* वा शिव-जितुको *जिरे खुर्सानी* होस्, सबै लोकप्रिय छन् । दमन रूपाखेती *मेरी बास्सै* लिएर आए । पछि यो छोडी *भ्याइँकुटी भ्याइँ* बनाइरहेका

छन् । यस्ता सबै हास्यशृङ्खलाले व्यावसायिकतामा राम्रो स्थान ओगटेका छन् । नेपाल टेलिभिजनबाहेक अन्य च्यानलमा पनि यस्ता हास्यशृङ्खलाले राम्रै व्यापार गर्न सकेका छन् ।

अर्को बिडम्बना के भने ऐतिहासिक वा धार्मिक विषयमा आधारित शृङ्खलाहरू नेपाल टेलिभिजनमा आउन सकेनन् । यसका कारणको मुख्य जड भनेको लगानी नै हो । पृथ्वीनारायण शाहलाई टेलिशृङ्खलामा उतार्न नेपाल टेलिभिजनसँग हिमालय फिल्मस्‌ले सम्झौता गरी केही शृङ्खला बनाएको त थियो तर द्वन्द्वकालले गर्दा त्यसलाई निर्माण गर्न नसकेर बीचमै तुहिन पुग्यो । जङ्ग बहादुरलाई शृङ्खला बनाउन नेपाल टेलिभिजनले चयन गरी बिएस राणालाई २०५८ सालतिर निर्देशन तथा निर्माणको जिम्मा दिएको हो । तर उनले पनि त्यसलाई निर्माण गर्न सकेनन्, ८ लाख जति धनराशी सकेर बीचमै अलप भए । बरु अहिले भर्खर इतिहासको कालखण्डमा देखिएको सामाजिक विषय छुवाछूत र जातपातलाई लिएर नवीन सुब्बाले *दलन* नेपाल टेलिभिजनमा ल्याउन सफल भएका छन् । यसले केही राम्रो सङ्केत देखाएको छ ।

सहभागिता दर्शाउने र स्रोतको उपयोग गर्नका लागि मात्रै पनि कैयौँ व्यक्तिहरूको प्रवेश टेलिदुनियाँमा नभएको होइन । तर उनीहरू बिना ज्ञान, विना अठोट आएका थिए र निरन्तरताबाट विमुख भए ।

अचेल टेलिफिल्मको स्तर खस्केको भन्ने आरोप लाग्ने गरेको पनि छ । एउटा कुरा चाहिँ स्पष्ट के हो भने अहिले बनिरहेका टेलिफिल्ममा मन छुने कथाको अभाव खड्किएको छ । तीव्र व्यापारीकरणले गर्दा विषयवस्तु ओझेलमा पारेको कुरालाई पनि स्वीकार्नै पर्छ ।

२०५० को दशकमा नेपाल टेलिभिजनमा पाकिस्तानी टेलिफिल्म देखाउने गरिन्थ्यो । नेपाली दर्शकले पाकिस्तानी टेलिफिल्म निकै रुचाएर हेर्ने गर्थे । त्यस अर्थमा नेपाली निर्माता, निर्देशकमा त्यसको छाप परेको अवस्था थियो । बिस्तारै भारतीय स्याटलाइट च्यानलको सिग्नल नेपाली भू-भागमा छिर्न थालेपछि नेपाली टेलिफिल्म पनि भारतीय टेलिफिल्मबाट प्रभावित हुन थाले ।

पछिल्लो समयमा टेलिफिल्म प्रसारणलाई प्रायोजन गर्ने चलन देखा परेको छ । तर प्रायोजनका नाममा बिस्तारै टेलिफिल्म भारतीयकरण पनि भएका छन् । तिनमा भारतीय संस्कृति अत्यधिक हावी हुने गरेको पाइन्छ । प्रायोजकको बाध्यात्मक अवस्थाको चरण कहिलेसम्म चलिरहने ? कसले सोच्ने ? निर्माताले ? प्रयोजकले ? या मुलुकले ? आफ्नोपनको अन्त्य हुने अवस्थाबाट गुज्रिएको टेलिदुनियाँलाई समयमै सबै सर्जक र जिम्मेवारीमा रहेका व्यक्तिहरूले नसोच्ने

हो भने भाषा मात्र हाम्रो रहने छ, बाँकी सबैमा छिमेकीको संस्कृति हावी हुने कुरा निर्विवाद छ ।

## केही निर्देशकका काम

अब म माथि उल्लेखित केही नाम र तिनले गरेका कामबारे चर्चा गर्छु । जस्तो रमेश बुढाथोकीको नाम टेलिशृङ्खलाको प्रारम्भिक चरणमा आइसकेको भए पनि उनको टेलियात्रा वर्णन बाँकी छ । रमेश बुढाथोकीले २०४२ सालमा ३ भागको टेलिशृङ्खला *बाचा बिर्सेको छैन* बनाएका थिए । त्यसपछि उनले *सन्ताप, आघात, त्यो फेरि फर्केला* बनाए । डा. ध्रुवचन्द्र गौतमको लेखनमा *निमित्त नायक,* विनोदमणि दीक्षितको कथा र डा. गौतमको पटकथामा *राप,* मोहनराज शर्माको लेखनमा *मिस्टर फत्ते* पनि रमेश बुढाथोकीले बनाएका टेलिफिल्म हुन् । उनले लीलध्वज थापाको कृति *मन,* विजय मल्लको *अनुराधा* डा. गौतमको *अलिखित, भावना* र *जीवन यात्रा* पनि २०५३/०५४ सालमा बनाए । बुढाथोकीले *प्रतिद्वन्द्वी* २०५६ सालमा, *दुई दिनको जिन्दगानी* २०५९ सालमा, *पुष्पाञ्जली* २०६१ सालमा निर्माण गरे । उनले पछिल्लो समयमा नेपाल वानबाट ९८० भागको *कसलाई आफ्नो भनूँ ?* निर्माण गरी एउटा कृतिमान कायम गरेका छन् ।

डा. ध्रुवचन्द्र गौतमको निर्देशन पक्षका केही कामतर्फ जाऔँ । पुष्कर शमशेरको कथा *परिबन्द*लाई पटकथा बनाई डा. गौतमले २०४३ सालमा टेलिफिल्म बनाए । उनले निर्देशन गरेको यो पहिलो टेलिफिल्म हो । उनले २०४४ सालमा *अँध्यारोमा हराएको छाया* बनाए भने २०४७ सालमा *भ्याउँकिरी* बनाए । तारिणीप्रसाद कोइरालाको एउटा कथामा पनि उनले एउटा टेलिफिल्म बनाएका थिए । महेन्द्रभक्त श्रेष्ठको निर्देशनमा बनेको टेलिफिल्म *एक सहरको एक कोठा* पनि डा. गौतमको लेखन हो ।

अब लागौँ चर्चित जोडी 'मह' को टेलियात्राको वर्णनतर्फ । महजोडीले २०४२ सालमा *फिप्टीफिप्टी*बाट आफ्नो यात्रा आरम्भ गर्‍यो । यसले २०४३ सालमा *सन्तति* र त्यसपछि *२१६७७* र *बसाइँ* बनायो । २०५१ सालमा महको *लालपुर्जा* दर्शकले हेर्न पाए । *१५ गते, कान्तिपुर, रात* आदि महका चर्चित शृङ्खला हुन् । मह जोडीको यात्रा अद्यापि निरन्तर छ । २०६०/०६१ मा मह जोडीले २६ भागको *महचौतारी* निर्माण गरेको थियो र यसलाई नेपाल टेलिभिजनमार्फत प्रसारण गरिएको थियो । त्यसपछि महको टेलिफिल्म नेपाल टेलिभिजनबाट प्रसारण भएको छैन । महले कान्तिपुर टेलिभिजनबाट ३१ भागको *मदनबहादुर हरिबहादुर* निर्माण गरिसकेको छ । अब फेरि यो जोडी नयाँ

शृङ्खला बनाउने सोचमा रहेको जानकारी मैले पाएँ । मह जोडीले टेलिफिल्म निर्माणमा लामो यात्रा पार गरिसकेको छ र यसले सङ्ख्यात्मक हिसाबले मात्र होइन, स्तरीयताको हिसाबले पनि अति राम्रा टेलिफिल्म नेपाली दर्शकलाई दिएको छ ।

सन्तोष पन्त *नरिसाउनुस् है*जस्ता लामा समसामयिक विषयमा हास्यव्यङ्ग्य लिएर देखा परे । त्यसपछि उनले *आज भोलिका कुरा* ल्याए । पछिल्लो समयमा *हिजो आजका कुरा* नामक शृङ्खलामार्फत एकलौटी वर्चस्व कायम गरेका थिए । त्यसबाहेक *मितबा*जस्ता टेलिफिल्म पनि उनले बनाएका थिए ।

नेपाल टेलिभिजनबाट निर्मित पहिलो टेलिफिल्म *श्री ५ पृथ्वीनारायण शाह*का निर्देशक कृष्ण मल्लले त्यही साल *हरिबाजे* बनाए । त्यसपछि *बद्री मास्टर, हत्तेरिका, अपराध, बस्तीहरू छरपस्ट छन्, अस्तित्वबोध* बनाए । २०४५ सालमा उनले अलि व्यावसायिक खालको शृङ्खला *चक्रव्यूह* निर्माण गरेका थिए । त्यसपछि मल्लले १२ भागको धारावाहिक *टाढाको बस्ती* निर्माण गरे । विष्णुविभु घिमिरेको लेखनमा अनिल पाण्डे निर्देशक बनेर २०४७ सालतिर *जनैको साँचो* बनाए । अनिल पाण्डेको अर्को कार्य २०५० सालको मध्यतिर धारावाहिक शृङ्खला *आगाको झिल्को* देखा पऱ्यो ।

## अन्तमा

करिब २३ वर्ष नेपाल टेलिभिजनसँग प्रत्यक्ष संलग्न भएको र टेलिफिल्म क्षेत्रको व्यक्तिको हैसियतले भन्नु पर्दा सुरुका समयमा निर्माण भएका टेलिशृङ्खलामा साहित्य पाइन्थ्यो, मानवीय संवेदना पाइन्थ्यो । टेलिफिल्म निर्माणक्रममा सजकता अपनाइन्थ्यो । तत्कालीन अवस्थामा साहित्यकार र स्थापित लेखकका कृतिमाथि टेलिफिल्म या टेलिशृङ्खला बनाउँदा सम्बन्धित लेखकको राय, सहमति र सुझाव लिने गरिन्थ्यो । त्यसो गर्दा लेखकको भावनालाई बुझ्न सजिलो हुन्थ्यो । कमसल प्रविधि, सीमित स्रोत, अदक्ष जनशक्ति हुँदाहुँदै पनि विगतमा उत्कृष्ट सिर्जनात्मकता बोकेका टेलिफिल्म बनेकै हुन् । तर सिर्जनात्मक टेलिशृङ्खलाको पीडादायक पक्ष के रह्यो भने तीमध्ये अधिकांशको व्यापार कमजोर रहन पुग्यो । यस्ता सिर्जनात्मकता भएका टेलिफिल्मलाई भन्दा अन्य कार्यक्रमलाई प्रायोजक पाइने हुन थाल्यो । नेपाल टेलिभिजनले पनि टेलिफिल्म आफैँले बनाउन छोडेपछि बिकाउ टेलिफिल्म बनाउनेपट्टि निर्देशकको ध्यान जान थाल्यो । राज्यको टेलिभिजन भएकाले नेपाल टेलिभिजनलाई महत्त्वपूर्ण पदासिन व्यक्तिहरूले दुरुपयोग गर्न खोजेकै हुन् । एकताका नेपाल टेलिभिजनलाई कमसल गुणस्तरका टेलिफिल्म

खरिद गरी प्रसारण गरिदिनुपर्ने दबाब मन्त्री, सत्तारुढ राजनीतिक दलका नेता र उच्चपदस्थ कर्मचारीमार्फत अत्यधिक आउन थाल्यो । त्यसपछि भने बाहिरका टेलिफिल्म खरिद्ने काम पनि बन्द गरी समय नै बेच्ने काम नेपाल टेलिभिजनले गर्दै आएको छ ।

उत्कृष्ट टेलिफिल्म निर्माण कठिन साधनापूर्ण काम हो । यो सामूहिक कर्म भएकाले यसमा संलग्न सबैले उत्तिकै मेहनत गर्नुपर्छ र आर्थिक स्रोत पनि आवश्यक हुन्छ । लेखन, निर्देशन र अभिनय तीनै पक्ष बेजोडको हुन सके मात्रै टेलिफिल्म सफल हुन सक्छ । यसलाई आर्थिक पक्षले केही सघाउला, सेटिङ राम्रो बनाउन सकिएला तर मुख्य कुरा अघि भनेझैँ लेखन, निर्देशन र अभिनय नै हुन् ।

अहिले पारिवारिक कथामा आधारित शृङ्खलाहरूले भन्दा हास्यशृङ्खलाले बजार हात पारेका छन् । टेलिशृङ्खलाको कुल बजारको करिब ९० प्रतिशत विज्ञापन हास्यशृङ्खलापट्टि ढल्केको छ । हुन त भारतीय टेलिभिजन च्यानलमा पनि हास्यशृङ्खलाकै बोलवाला छ । त्यसकै प्रभाव नेपाली दर्शक र निर्देशक दुवैमा परेको अनुमान गर्न सकिन्छ । पारिवारिक कथामा टेलिफिल्म बनाउने निर्देशक कम उत्साही भएको अवस्था छ अहिले । यस्ता टेलिफिल्ममा भारतीय टेलिफिल्मको प्रभाव तीव्र देखिनु अर्को कमजोर पक्ष हो । नेपाली टेलिफिल्मलाई स्तरीय बनाउन सर्जक र यस क्षेत्रका सम्बन्धित व्यक्तिहरू जागरुक नहुने हो भने नेपाली टेलिफिल्मको दुर्दिन टाढा छैन ।

## धन्यवाद

म यो लेखलाई यहाँसम्म ल्याउन सहयोग र उत्साह दिने दीपा गौतम र मार्टिन चौतारीलाई धेरै धन्यवाद दिन चाहन्छु । सकेसम्म धेरै विवरण प्रस्तुत गर्ने प्रयास गरिए पनि यसमा कमी कमजोरी अवश्य नै होलान् । तिनका लागि म नै जिम्मेवार छु । यसका त्रुटि औँल्याइदिनु भएमा आगामी लेखनमा सच्याउने नै छु ।